आज मिति २०८२ साल माघ ६ गते मंगलबार बिहान १०:०० बजे यस बैजनाथ गाउँपालिकाका अध्यक्ष श्री प्रकाश बहादुर शाही ज्यूको अध्यक्षतामा [illegible] ज्यूको कार्यकक्षमा कार्यपालिकाको बैठक बसी तपसिलका उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

तपसिल

| क्र. सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर शाही | अध्यक्ष | |
| २ | निर्मला रोकाया | उपाध्यक्ष | |
| ३ | रुप बहादुर मल्ल | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | राजु रुचाल ठकुरी | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | निखिल बैगार | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | प्रेम बहादुर शाही | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | देव बहादुर रावत | वडा अध्यक्ष, वडा नं ५ | |
| ८ | भूपाल पुन मगर | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | दिनेश कुमार थारु | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | भगन थारु | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | रुपा थापा | कार्यपालिका सदस्य | |
| १२ | भुमिसरा राना | कार्यपालिका सदस्य | |
| १३ | मन्जु ओली | कार्यपालिका सदस्य | |
| १४ | कृष्णा कुमारी सुनार | कार्यपालिका सदस्य | |
| १५ | फरीदुद्दीन हलवाई | कार्यपालिका सदस्य | |
| १६ | कमान सिंह सुनार | कार्यपालिका सदस्य | |
| अन्य उपस्थिति | | | |
| १ | कमल राज उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | |
| २ | पूर्ण प्रसाद जैसी | वरिष्ठ लेखा अधिकृत | |
| ३ | तमराज आचार्य | प्रशासकीय अधिकृत | |

कमल राज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

बैजनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँके
२०७३

प्रस्तावहरु

१. राहत सम्बन्धमा।
२. योजना संचालन सम्बन्धमा।
३. स्वीकृत गर्ने सम्बन्धमा।

निर्णयहरुः

१. बैजनाथ गाउँपालिका वडा नं. ४ एल बी चोक बस्ने बिनोद गिरीको ३ महिना उमेर भएको नाबालिका छोरी अनमिका गिरी मिति २०८२।०९।२५ गते अकाल मै मृत्यु भएकोमा निज नाबालिकाको बाबु बिनोद गिरीले २०८२।०९।२१ गते DPT दोस्रो मात्रा खोप लगाएपछि मृत्यु भएको माग दाबी गरि स्थानीय बासिन्दा समेतलाई भेला गरि २०८२।०९।२६ र २७ गते आधारभूत स्वास्थ्य सेवा केन्द्र बानियाभारमा तालाबन्दी गरि सेवा ठप्प पारेकाले निज मृतक नाबालिकाको बाबु बिनोद गिरी लगायतसँग मिति २०८२।०९।२९ गते बैजनाथ गाउँपालिकाका अध्यक्षको कार्यकक्षमा वडा नं ४ का वडाध्यक्ष, गाउँपालिका अध्यक्ष र स्वास्थ्य शाखा प्रमुखको रोहबरमा भएको छलफलमा औषधी उपचार खर्च, काजक्रिया खर्च र उपचारको क्रममा भएको अन्य खर्च गाउँपालिकाले राहतस्वरुप उपलब्ध गराउने भनी भएको सहमती अनुसार औषधी उपचार वापत १ लाख, काजक्रिया खर्च वापत रु २० हजार र अन्य खर्च वापत १० हजार गरि जम्मा रु १ लाख ३० हजार रकम भैपरी आउने चालु खर्चबाट आर्थिक सहायता वापतको रकम भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखलाई निर्देशन दिने।

२. कार्यपालिकाको मिति २०८२।०८।२९ गतेको निर्णयानुसार छनौट भएका भगवती मा.वि. हस्नापुर र रारा मा.बि. गाभरको विद्यालय भवन निर्माण समय अभावको कारण उपभोक्ता समिती(विद्यालय व्यवस्थापन समिति) मार्फत सञ्चालन गर्ने।

३. सार्वजनिक खरिद नियमावली २०६४को नियम ८२को उपनियम(१) र (२) मा भएको प्रावधान वमोजिम उपाध्यक्षसँग महिला आत्मनिर्भर तथा सशक्तिकरण कार्यक्रम अन्तर्गत महिलाहरुलाई प्रजनन स्वास्थ्य सम्वन्धि बिशेषज्ञ शिविर सञ्चालन गर्ने भनी पेश भएको लागत अनुमान, TOR, प्रस्तावनाको ढाँचा र टिप्पणी आदेश स्वीकृत गरि सो को खरिद प्रकृया अघि बढाउन स्वीकृती प्रदान गर्ने।

कमल राज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

प्रकाश बहादुर शाही
अध्यक्ष

CamScanner